नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(जनसंख्या तथा पञ्जिकरण व्यवस्थापन शाखा)

फोन: ०१-४२००२९२
www.mofald.gov.np
e-mail: vitalevent@mofald.gov.np
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०७०/७१
चलानी नं :- ४६

मिति: २०७०।४।१३

**विषय: अविवाहित प्रमाणिकरण सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय (सबै)
श्री महा/उपमहा/नगरपालिका सबै,

प्रस्तुत विषयमा यस मन्त्रालयको प.सं.०६९/७० च.नं. ८१० मिति २०७०/१/२२ को अविवाहित प्रमाणित सम्बन्धी पत्रको सन्दर्भमा लेखिदैछ । उक्त पत्र अनुसार प्रचलित कानून तथा यस मन्त्रालयको कन्सुलर प्रमाणिकरण गर्ने पत्र समेतले अविवाहित प्रमाणित गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको नदेखिएकोले अविवाहित प्रमाणित गर्न मिल्ने नदेखिएको भनि सबै जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको कार्यालयमा परिपत्र गरिएकोमा अविवाहित प्रमाणिकरण सम्बन्धी विषय पनि नागरिकको जीवन संग प्रत्यक्ष सरोकार राख्ने विषय भएको र सो कार्य रोकिंदा नागरिकलाई प्रत्यक्ष असर पर्ने भएको हुनाले यस मन्त्रालयको मिति २०७०/४/९ को निर्णय अनुसार देहायको प्रक्रिया अपनाई स्थानीय निकायले अविवाहित प्रमाणिकरण गर्न सक्ने निर्णय भएको हुँदा आवश्यक कारवाहीको लागि निर्णयानुसार अनुरोध छ ।

१) अविवाहित प्रमाणिकरणको लागि सम्बन्धित व्यक्तिले सम्बन्धित गाउँ विकास समिति/न.पा.को कार्यालयमा निवेदन गर्नुपर्ने । उक्त निवेदनमा निवेदकको बाबु/आमा वा संरक्षकले अविवाहित रहेको सनाखत गरिदिनुपर्ने । निवेदनको ढाँचा यसैसाथ संलग्न छ ।

२) अविवाहित प्रमाणिकरणको लागि निवेदन प्राप्त भएपछि सम्बन्धित गा.वि.स./न.पा.ले निजको बाबु/आमा वा संरक्षकको उपस्थितिमा निवेदक बसोबास गर्ने सम्बन्धित वडाका कम्तीमा १ जना वडा सदस्य सहित नागरिकता प्राप्त त्यसै वडाका कम्तिमा ५ जनाको सर्जमिन मुचुल्काको आधार लिएर अविवाहित रहेको प्रमाणिकरण गरिदिन सक्ने । स्थानीय निकायमा जनप्रतिनिधि नरहेको अवस्थामा सर्जमिन मुचुल्कामा निवेदकको बाबु/आमा वा संरक्षकको उपस्थितमा वडा नागरिक मन्चका कम्तिमा १ जना प्रतिनिधि सहित कम्तिमा ५ जनाको सर्जमिन मुचुल्काको आधार लिनुपर्ने । सर्जमिन मुचुल्का गरिदिने व्यक्तिको नागरिकताको फोटोकपी संलग्न हुनुपर्ने ।

३) अविवाहित प्रमाणिकरण आवश्यकता अनुसार संलग्न प्रमाणिकरणको ढाँचामा गा.वि.स./न.पा.ले सम्बन्धित व्यक्तिलाई उपलव्ध गराउनुपर्ने ।

४) अविवाहित प्रमाणिकरण गरेका व्यक्तिको गा.वि.स./न.पा.ले अभिलेख राख्नुपर्ने ।

(बिमलराज बगाले)
डेमोग्राफर

विषयः अविवाहित प्रमाणिकरण गरी पाउँ ।

श्रीमान् अध्यक्षज्यू/प्रमुखज्यू

......................गाउँ विकास समिति/नगरपालिका कार्यालय
.............................जिल्ला

म यस गाउँ विकास समिति /न.पा. को स्थानीय वासिन्दा भएको र हालसम्म म अविवाहित भएको कारण अविवाहित प्रमाणिकरणको सिफारिश गरीदिनुहुन देहायका विवरणहरु खुलाई यो निवेदन दिएको /दिएकी छु ।

**विवरण**

१) बाबुको नाम (नेपाली)
अंग्रेजी
२) आमाको नाम (नेपाली)
अंग्रेजी
३) वाजेको नाम (नेपाली)
अंग्रेजी
४) जन्म मिति
५) स्थायी ठेगाना
६) जन्म दर्ता नं.
जन्म दर्ता गरेको मिति
जन्म दर्ता गरेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय र ठेगाना
७) नागरिकता प्रमाणपत्र नं.
लिएको जिल्लाः
लिएको मितिः
८) संरक्षकको नाम र ठेगाना
(संरक्षकले पालन पोषण गरेको अवस्थामा)
९) संरक्षकसंगको नाता

माथि उल्लेख गरेका विवरणहरु साँचो र सत्य हुन् । यसमा फरक परे कानुन अनुसार सजाय भोग्न तयार छु ।

बाबु/आमा वा संरक्षकको हस्ताक्षर

निवेदकको
हस्ताक्षर
नामः
ठेगानाः
मितिः

नामः
ठेगानाः
नाताः
मितिः

फोटो

……………गाउँ विकास समिति/नगरपालिकाको कार्यालय

…………………..जिल्ला

**विषयः वैवाहिक स्थिती प्रमाणिकरण ।**

यस गा.वि.स/न.पा. को वडा नं……………………………मा बस्ने …………को नाति/नातिनी……………………र…………………………को छोरा/छोरी………………ले
(वावुको नाम लेख्ने) (आमाको नाम लेख्ने)
अविवाहित प्रमाणिकरणको लागि मिति …………………..मा यस गा.वि.स/न.पा. कार्यालयमा निवेदन दिनु भएकोमा निजको स्वघोषणा तथा सम्बन्धित वडामा साक्षी सर्जमिन बुझ्दा निज मिति……………………सम्म अविवाहित रहनु भएको देखिन आएको व्यहोरा प्रमाणित गरिन्छ ।

अविवाहित प्रमाणिकरणवालाको दस्तखतः

अविवाहित प्रमाणिकरणवालाको फोटो

प्रमाणित गर्ने गा.वि.स./न.पा.को
पदाधिकारीः
हस्ताक्षर :
नामः
ठेगानाः
मितिः

Office of ______________ Village Development Committee/Municipality

_______________ District

**Subject: Certification of Marital Status**

This is to certify that Mr. (Ms.) ______(*unmarried person's name)*________, grandchild of Mr. (Mrs.) ______(*grandparent's name)*_____ and child of Mr. ____(*father's name)*____ and Mrs. _____(*mother's name)*_____ residing in this village development committee/municipality at ward number ______, and whose application letter dated _________ for marital status certification received at this village development committee/municipality, and according to his/her self declaration and witnesses at the ward level, has been found to be single in marital status till ______(*date)*____ ___.

Unmarried person's signature: ________________________________

Unmarried person's photograph

Certifying VDC/Municipality Authorized Person's

Signature: _________________

Name: _________________

Designation: _________________

Address: _________________

Date: _________________